मधेश प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
## जनकपुरधाम, धनुषा, नेपाल
(कर्मचारी प्रशासन शाखा)

फोन नं.+९७७०४१-५२३१३३, ५२५३३८,५२५७३३
फ्याक्स नं.+९७७०४१-५२७१०१
टोल फ्रि नं.१६६०४१५२८४३

पत्र संख्याः क.प्र.।२०७९।०८०
च.नं.: २३४

मितिः २०७९।०५।०१

मधेश प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय जनकपुरधाम, नेपाल

**विषयः- आदेश कार्यान्वयन सम्बन्धमा।**

श्री प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री सवै मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री प्रदेश जनलोकपाल आयोगको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, मधेश प्रदेश, जनकपुरधाम।
श्री प्रदेश नीति तथा योजना आयोग, मधेश प्रदेश, जनकपुरधाम।
श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम।
श्री सबै निकाय, मधेश प्रदेश अन्तर्गत।

उपरोक्त बिषयमा राष्ट्रिय सूचना आयोग, बानेश्वर-१०, देवीनगर, काठमाडौंको च.नं.४० मिति २०७९।०४।११ गतेको आदेश कार्यान्वयन सम्बन्ध विषयक पत्रसाथ प्राप्त आदेश यसैसाथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा जानकारीको लागि आदेशानुसार अनुरोध छ।

श्याम सुन्दर महतो
शाखा अधिकृत

**बोधार्थः**
श्री राष्ट्रिय सूचना आयोग, बानेश्वर-१०, देवीनगर, काठमाडौं।
श्री सूचना तथा संचार समन्वय शाखाः Web site मा Upload गरी दिनु हुन।

# राष्ट्रिय सूचना आयोग

बानेश्वर-१०, देवीनगर, काठमाडौं, नेपाल


प. सं. ०७९/८०
च. नं. ४०

मितिः २०७९।०४।११

श्रीमान् प्रमुख सचिवज्यू,
मधेश प्रदेश, जनकपुरधाम ।

विषय :- आदेश कार्यान्वयन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस आयोगबाट मिति २०७९।०४।०५ मा जारी भएको आदेश कार्यान्वयन गर्नुहुन निर्णयानुसार अनुरोध छ । साथै यस आयोगबाट भएको आदेश यसै पत्रसाथ संलग्न छ ।

(संजिप कुमार अधिकारी)
कानून अधिकृत

दर्ता नं. ४४४
मिति २०७९।४।३१
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मधेश प्रदेश

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग**
**सूचना आयुक्त कमला ओली थापा**
**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**<u>आदेश</u>**

**आ. ३/०७९/८०**

**श्री प्रमुखसचिव**
**मधेश प्रदेश, जनकपुर ।**

**विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ङ) बमोजिम जारी भएको आदेश ।**

यही असार २६ गतेको bizpati.com मा "सरकारी वेवसाइटबाटै सूचना अधिकारीको नम्बर गायव; कानूनको उल्लंघन, सुशासनको खिल्ली" शीर्षक रहेको समाचार प्रति यस आयोगको ध्यानाकर्षण भएको छ । उक्त समाचारका अनुसार धेरै निकायहरूको वेवसाइटमा सूचना अधिकारीको नाम हुने तर सम्पर्कका लागि मोबाइल नम्बर नराख्ने गरेको पाइएको र यसबाट सर्वसाधारण नागरिक र सार्वजनिक निकायबीचको सम्बन्ध टुटाउँदै लैजाने नियतका साथ यस्तो भैरहेको भन्ने उल्लेख गरिएको छ । सो समाचारमा विभिन्न निकायका पदाधिकारीसँग प्रतिकिया पनि लिएर राखिएको देखियो ।

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी उल्लेख भएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनी उल्लेख भएको छ । सोही ऐनको दफा ४ को उपदफा (१) मा सूचना अधिकारी तोक्न पर्ने व्यवस्था रहेको छ । यस व्यवस्थालाई प्रभावकारी बनाउन र सर्वसाधारण नागरिकको पहुँच सहज बनाउन यस आयोगले सबै सार्वजनिक निकायलाई पटक पटक त्यस्ता सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल नं.), इमेल, कोठा नं., वेवसाइट, फ्लेक्स प्रिन्ट तथा अरु माध्यमबाट समेत सार्वजनिक गर्नु भनी आदेश गरेको अवस्था छ । आयोगबाट सार्वजनिक निकायलाई सूचना अधिकारीलाई सरकारी खर्चबाट मोबाइल, सिम र लाग्ने खर्च उपलब्ध गराउन पनि भनिएको छ । सूचना अधिकारीको विस्तृत विवरण राख्दा र सर्वसाधारण नागरिकलाई सहज हुँदा सम्बन्धित सार्वजनिक निकाय प्रति विश्वास बढ्ने हुन्छ । स्वभाविक रूपमा यो विषय सार्वजनिक निकायको दायित्वभित्र पर्ने विषय पनि हो । तसर्थ, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम प्रदेशका सबै सार्वजनिक निकायहरूमा देहाय बमोजिमको व्यवस्था पालना गर्न गराउन यो आदेश जारी गरिएको छ ।

**<u>देहाय</u> -,**

सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल), इमेल, कोठा नम्बर उल्लेख गरेको फ्लेक्स कार्यालयको प्रवेशद्वार नजिकै सबैले देख्न सहज हुने गरी राख्ने र वेवसाइट तथा अन्य प्रकाशन (वार्षिक प्रतिवेदन, बुलेटिन इत्यादी) मा पनि नियमित रूपमा राख्ने ।

(रत्नप्रसाद मैनाली)
सूचना आयुक्त

(कमला ओली थापा)
सूचना आयुक्त

(महेन्द्र मान गुरूङ्ग)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७९ साल साउन ५ गते रोज ५ शुभम् ।